बागलुङ नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बागलुङ

मुख्य प्रशासकीय अधिकृत

आ.व. २०७५/०७६ को लागि आन्तरिक आय ठेक्का सम्बन्धी गोप्य शिलबन्दी बोलपत्र आह्वान सम्बन्धी सूचना :

प्रथम पटक प्रकाशित मिति : २०७५/०३/२५

स्थानीय सरकार संचालन ऐन-२०७४ र स्थानीय स्वायत्त शासन नियमावली-२०५६ एवं स्थानीय निकाय आर्थिक प्रशासन नियमावली-२०६४ बमोजिम यस बागलुङ नगरपालिकाको क्षेत्राधिकार भित्र पर्ने ढुङ्गा, गिट्टी, बालुवा, रोडा, बिक्री गर्ने कार्य र निकासी कर संबन्धि तपसिलका विषयमा ०७५ साउन १ गते देखि ०७६ जेठ मसान्त सम्म ठेक्काबाट गराउनु पर्ने भएकाले यो सूचना प्रकाशित भएको मितिले १५ औं दिन कार्यालय समय भित्र तपसिलमा उल्लेख गरे बमोजिमको शर्तहरु पालना गर्ने गरी इच्छुक निर्माण व्यवसायी, फर्म वा कम्पनिहरुबाट वा निजको प्रतिनिधिले रित पूर्वक निवेदन दिई यस कार्यालयबाट बोलपत्र फाराम खरीद गर्न सकिनेछ । अधिकार प्राप्त प्रतिनिधि मार्फत गोप्य शिलबन्दि बोलपत्र प्रक्रियामा सहभागि हुनु परेमा अनिवार्य रुपमा अख्तियारी पत्र (Power of attorney) पेश गर्नु पर्नेछ । बोलपत्र फाराम खरिदको लागि फिर्ता नहुने गरी रु २०,००,०००।- भन्दा माथिको हकमा रु. ३०००।- र रु २०,००,०००।- भन्दा तलको रकमको ठेक्काको हकमा प्रति ठेक्का फर्म रु १०००।- दस्तुर तिरी बोलपत्र फाराम खरीद गर्न सकिनेछ । बोलपत्र फाराम खरीद गर्नको लागि तोकिएका कागजातहरु नोटरी पब्लिकबाट प्रमाणित प्रतिलिपि संलग्न गरी पेश गर्नु पर्नेछ । उक्त कागजातहरु संलग्न नभएको बोलपत्रहरुलाई प्रतिस्पर्धामा संलग्न गराइने छैन । बोलपत्र दाखिला सूचना प्रकाशित भएको १६ औं दिनको १२ :०० बजे भित्र पेश गरी सक्नु पर्नेछ ।

तपशिल :

ठेक्का सम्बन्धी विवरण (गोप्य शिलबन्दी बोलपत्र)

अ. ढुङ्गा, गिट्टी, वालुवा र रोडा बिक्री र निकासी कर :

ठेक्का नं.र वगर		ठेक्काको नाम	उठाउनु पर्ने क्षेत्र	न्युनतम अंक भ्याट वाहेक रु.
१/०७५/०७६	ढोडेनी वगर	ढुङ्गा, गिट्टी, बालुवा, रोडा, बिक्री	सावित्र बा.न.पा ११, हाल बा.न.पा.४ कालिगण्डकी किनारको फोर्सेको चौरमुनीको स्यानाभुङ्गला सहितको पालेवन बगर क्षेत्र (जस अन्तर्गत परम्परादेखि चलि आएको शवदाह क्षेत्रको उत्तर पट्टी कुनामा रहेको कालो ढुङ्गाबाट दक्षिण तर्फ लम्बाई ४५ मी. र पु.प.चौडाई ४५ मी.को क्षेत्र छाडी बाँकी खण्ड), घयरु वगरक्षेत्र र छिपछिपे पानी हुँदै ढोडेनी वगर क्षेत्र ।	१०,००,०००।-
२/०७५/०७६	मालढुंगा बगर	ढुङ्गा, गिट्टी, बालुवा, रोडा, बिक्री	बा.न.पा.१, कालिगण्डकी किनारको मालढुङ्गा पक्की पुल उत्तर पश्चिम बगर क्षेत्र, नयाँ बगर क्षेत्र र माझीगाँउ बगर क्षेत्र ।	३०,००,०००।-

Scanned by CamScanner

३/०७५/०७६	दव्ल्याङ भाटे खोला	ढुङ्गा, गिट्टी, बालुवा, रोडा, बिक्री	साविक भकुण्डे वार्ड नं. ९ हाल वा.न.पा. १० को दव्ल्याङ बगर क्षेत्र ।	१०,००,०००।-
४/०७५/०७६	कालाखोला भनभने सम्मको बगर	ढुङ्गा, गिट्टी, बालुवा, रोडा, बिक्री	साविक पैयुपाटा गाविस वार्ड नं. ७ र ८ हाल वा.न.पा वार्ड नं. १३ कालिगण्डकी किनार कालाखोला बगरक्षेत्र	१३,००,०००।-
५/०७५/०७६	निकासी कर तर्फ : यस जिल्ला बाट निकासी भई जाने स्लेट,कटिङ्ग ढुङ्गा, मार्वल, कानुन द्वारा निषेधित जनावर बाहेकका जनावरहरुको हाड, सिङ, छाला, खुर जडीबुटी, खोटो, लोक्ता र प्रशोधित पानी, माटो समेत आदी ।			१,८०,०००।-

नोट :- ढुङ्गा,गिट्टी, बालुवाको निकासी भन्ने शब्दले उत्पादन स्थलबाट निकासी गरिने समेतलाई जनाउँछ :- तोकिएका खोला, नदी बाहेकका अन्य सरकारी तथा सार्वजनिक जग्गामा ढुङ्गा, गिट्टी, बालुवा, माटो आदिको संकलन/उत्खनन गर्नु पर्दा बागलुङ नगरपालीकाको अनुमतिको आधारमा मात्र परिचालन हुने हुँदा यो सूचनामा समेटिएको छैन । खोला नदी बाहेकका व्यक्तिगत जग्गामा समेत उत्खनन/संकलन गर्दा निकासी कर नगरपालिकाले छुट्टै लिनेछ ।

:- आ.व. ०७४।०७५ मा स्वीकृत ठेक्का अंकका आधारमा न्यूनतम ठेक्का अंक कायम गरिएको छ ।

ठेक्का सम्बन्धी शर्तहरु :

१. आफुले कवोल गरेको अंकको ५ प्रतिशतले हुने रकम यस कार्यालयको ने.वै.लि.बागलुङमा रहेको ०२२०३०००००००३०००००४३ धरौटी खातामा जम्मा गरेको सक्कलै भौचर वा नगद वा नेपाल सरकारवाट मान्यता प्राप्त वैंकको ठेक्का अवधि भरको बैंक ग्यारेण्टी (Bank guarantee) जमानत पेश गर्नुपर्नेछ ।

२. वोलपत्रमा आफुले कवोल गरेको रकम अंक र अक्षरमा लेख्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ ।

३. ठेक्काको रकम निम्नानुसार बुझाउनु पर्नेछ :-

पहिलो किस्ता	दोश्रो किस्ता	तेश्रो किस्ता
बोलपत्र स्वीकृत भएको जानकारी पाएको ७ दिन भित्र सम्झौता गर्दाको बखत कवोल अंकको ५०%,	कार्तिक मसान्त भित्र २५%,	फाल्गुण मसान्त भित्र २५%,

माथि उल्लेख भए वमोजिमको समयावधी भित्र किस्ता नबुझाएमा १०% हर्जाना रकम सहित वैंक ग्यारेण्टी वा धरौटी रकम बाट असूल गरिनेछ । समयमा रकम भक्तानी नगर्नेहरुलाई ठेक्का तोडि पूरा रकम बैंक ग्यारेण्टी बाट असूली गरी बाँकी अवधिको लागि पुनः कार्यालयले अर्को व्यवस्था समेत गर्न सक्नेछ ।

४. सम्पूर्ण रकम अग्रिम रुपमा एकमुष्ठ बुझाएमा कवोल अंकको १०% सम्म छुट दिन सकिनेछ । तर यसरी छुट लिनको लागि शर्त नं. १ का सम्पूर्ण कागजातहरु पेश गरेको र छुट दिनको लागि उपयुक्त देखिएमा मात्र छुट दिन सकिनेछ । यसरी छुट दिने या नदीने भन्ने अधिकार बागलुङ नगरपालिकामा रहनेछ ।

५. ठेक्का सम्वन्धमा निर्माण व्यवसायी वा व्यक्ति र कार्यालय वीच कुनै विवाद पर्न आएमा त्यस्तो विवाद समाधानका लागि नगरपालिकाले गरेको निर्णय अन्तिम हुनेछ ।

६. खनिज सम्पदाको उत्खनन/संकलन गर्दा भू-सतहमा विचलन ल्याउने गरी गर्न पाईने छैन र खनिज सम्पदाको अधिकतम उपयोग (रिकभरी) हुने गरी गर्नु पर्नेछ । सोको विपरित ठेक्का बोलकबोल गर्ने वा जो कसैले ढुङ्गा, गिट्टी, बालुवा र रोडाको उत्खनन/संकलन गरेमा कानुन बमोजिम जरिवाना गरिनेछ ।

Scanned by CamScanner

७. सेवा शुल्क, कर, दस्तुर उठाउँदा स्थानीय स्वायत्त शासन नियमावली २०५६ (शंसोधन सहित) को अनुसूची २३, २४, २५ अनुसार नगरसभाले पारित गरेको दररेट अनुसार उठाउनु पर्नेछ । प्रचलित कानून, परिपत्र र तोकिएको व्यवस्था वमोजिम कार्यान्वयन भए नभएको स्थानीय राजश्व परामर्श समितिले अनुगमन गर्नेछ । समिति वाट दिईएका सुझाव, निर्देशन ठेक्का अवधिभर पालना गर्नु पर्नेछ ।

८. ढुङ्गा, गिट्टी, बालुवा,रोडाको उत्खनन/संकलन गर्दा प्रचलित कानून, नेपाल सरकार वाट प्राप्त निर्देशन, नगरपालीकाले तयार गरेको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन (IEE Report) वमोजिम गर्नुपर्नेछ ।

९. प्रचलित कानून बमोजिम तिर्नुपर्ने आयकर तथा मूल्य अभिबृद्धि कर संबन्धित निर्माण व्यवसायी वा व्यक्तिले वागलुङ नगरकार्यपालीकाको कार्यालयमा वुझाउनु पर्नेछ ।

१०. शर्त जनाई वा नजनाई बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ ।

११. वागलुङ नगरकार्यपालीकाको कार्यालयले पत्राचार गरी ठेक्का स्थगित भएको अवस्थामा वाहेक ठेक्का घाटा भयो भनि कुनैपनि कारण (हडताल, नेपाल बन्द, बाढी पहिरो, अन्य कुनै अवरोध) देखाई मिन्हाको दावी गर्न पाइने छैन ।

१२. उपर्युक्त ठेक्काको प्रतिकूल हुने गरी वा अनुमति नलिई कसैले काम कारवाही गरेको पाईएमा नियमानुसार कारवाही हुनेछ ।

१३. गिट्टी, ढुङ्गा, बालुवा आदिको बिक्री मूल्य प्रति क्यू फिट रु २।५० (दुइ रुपैया पचास पैसा) र निकासी करको प्रति क्यूफिट रु २।- का दरले उठाउन पाइनेछ ।

१४. बोलपत्र फारम यो सूचना प्रकाशित भएको १५ औ दिनको कार्यालय समय भित्र खरिद गर्न सकिनेछ । बोलपत्र दाखिला सूचना प्रकाशित भएको १६ औं दिनको १२:०० बजे भित्र पेश गरी सक्नु पर्नेछ । पेश हुन आएका बोलपत्रहरु सोही दिनको २:०० बजे नगरपालिकाको हलमा खोलिनेछ । दर्ता गर्ने र खोल्ने दिन विदा परेमा सोको भोलिपल्ट तोकिए वमोजिमको कार्य हुनेछन् ।

१५. नगर कार्यपालिकाको कार्यालयलाई तिर्न बुझाउन कुनै बक्यौता वा फछ्यौंट गर्न बाँकी भएमा त्यस्ता फर्महरुलाई प्रतिस्पर्धामा समावेश गरिने छैन ।

१६. यसमा उल्लेख नभएका विषयमा प्रचलित कानून वमोजिम हुनेछन् ।

१७. अन्य विस्तृत जानकारीका लागि नगरपालिकाको आन्तरिक राजश्व शाखामा सम्पर्क राख्न अनुरोध छ ।

.....

प्रमुख प्रशासकीय अधिकृत

पेश गर्नु पर्ने आवश्यक कागजपत्रहरु :

१. फर्मको निवेदन
२. फर्म दर्ता प्रमाण पत्रको प्रतिलिपी (नवीकरण समेत)
३. प्रोपाईटरको नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपी
४. स्थायी लेखा नम्वर /मुल्य अभिवृद्धी कर दर्ता प्रमाण पत्रको प्रतिलिपी
५. आ.व. ०७३/०७४ पुरा र ०७४/०७५ पछिल्लो चौमासिक सम्मको करचुक्ता प्रमाण पत्रको प्रतिलिपी
६. यस कार्यालयको राजश्व शाखाबाट बोलपत्र खरिद रकम तिरेको नगदी रसिद

Scanned by CamScanner